बैठक संख्याः- २९

आज मिति २०८० साल वैशाख २७ गते बुधबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यापालिका बैठकको निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं. २-** बिर्तामोड नगरपालिकाको जग्गा वर्गीकरण तथा विकास सम्बन्धी कार्यविधि २०७९ मा भएको व्यवस्थामा देहायको संशोधन गर्ने निर्णय गरियो ।

**देहाय**

क) बिर्तामोड नगरपालिकाको जग्गा वर्गीकरण तथा विकास सम्बन्धी कार्यविधि २०७९ को परिच्छेद २ को दफा ३ को उपदफा **(अ)** को बुदाँ क) र ख) लाई खारेज गर्ने, ऐ.कार्यविधिको ऐ. परिच्छेदको ऐ.दफाको उपदफा **(आ)** मा रहेको व्यवस्थालाई संशोधन गरी स्थानीय आवश्यकताको आधारमा भू-उपयोग परिषद्ले गरेको वर्गीकरणलाई आधारमानी वर्गीकृत क्षेत्रको आधारमा कित्ताकाट गरिनेछ । ५००० वर्गमिटर वा सो भन्दा बढी क्षेत्रफल भएका जग्गाहरुको कित्ताकाट गर्दा आवास र व्यवसायिक क्षेत्रमा वर्गीकृत जग्गाहरुमा नेपाल सरकारमा दर्ता भएको कम्तीमा ६ मिटर चौडाईको बाटो कायम भएको हुनुपर्नेछ । साथै ऐ.कार्यविधिको ऐ. परिच्छेदको ऐ.दफाको उपदफा **(इ)** खारेज गर्ने ।

**निर्णय नं. ३-** बिर्तामोड नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ मा भएको व्यवस्थामा देहायको संशोधन गर्ने निर्णय गरियो ।

**देहाय**

बिर्तामोड नगरपालिकाको नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ को दफा ८ को उपदफा २ मा नगर अस्पताल विकास कोषको बैंक खाता संचालन अस्पताल प्रमुख वा निजहरुले तोकेको प्रतिनिधि र विर्तामोड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा विर्तामोड नगरपालिकाको आर्थिक प्रशासन शाखाले तोकेको प्रतिनिधिको संयुक्त हस्ताक्षरबाट संचालन हुने व्यवस्थालाई संशोधन गरि नगर अस्पतालका प्रमुख (मे.सु.) र नगर अस्पालका आर्थिक प्रशासन शाखाका प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ । अस्पतालमा आर्थिक प्रशासनको दरबन्दी कायम नभएसम्म नगरपालिकाको आर्थिक प्रशासन शाखाका प्रमुखले तोकेको १ जना आर्थिक प्रशासन शाखाका कर्मचारी र नगर अस्पतालका प्रमुख (मे.सु.) को संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

CamScanner

**निर्णय नं. ४-** बिर्तामोड नगरपालिकामा बसोबास गर्ने मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामी(विपन्न नागरिकहरु) हरुको हाल सम्मको विवरण अद्यावधिक गर्ने र औषधी उपचार बापतको रकम उपलब्ध गराई पाउँ भनि आएका माग निवेदनहरु स्वीकृत गरि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रकम माग गर्न लेखि पठाउने निर्णय गरियो।

**निर्णय नं ५(विविध)-**

क) बिर्तामोड नगरपालिका वडा नं २ मा बिर्तामोड नगरपालिकाको नाममा दर्ता श्रेस्ता कायम रहेको कि.नं ६८५८ क्षे.फ.०-०-५ को जग्गा सोही वडामा रहेको समृद्ध टोल विकास संस्थाको आर्थिक लगानीमा खरिद भएको हुदाँ उक्त जग्गा सोही टोल विकास संस्थालाई हकभोगका लागि स्वीकृति दिने निर्णय गरियो।

ख) बिर्तामोड नगरपालिकाको आ.ब. ०७९/०८० का लागि स्वीकृत बजेट योजना तथा कार्यक्रमको नगरस्तरीय योजनामा सामुदायिक संस्थागत शीर्षकको क्र.सं. ४७ मा झापा ११ एकाडेमी खेल मैदान घेराबारा शीर्षकमा रु. १० लाख बजेट बिनियोजन भएकोमा उक्त बजेटको शीर्षक परिर्वतन गरि झापा ११ फुटबल क्लबलाई संस्थागत अनुदान उपलब्ध गराउने गरि कार्यक्रम संशोधन गर्ने निर्णय गरियो।

ग) मिति २०७९ फाल्गुन ११ को कार्यपालिका बैठकबाट बिर्तामोड नगरपालिकामा कार्यरत कर्मचारी सि.अ.हे.ब. श्री तुलसी प्रसाद पोखरेलले विगत केही महिना देखि नगर प्रमुखज्यू, जनप्रतिनिधिज्यूहरु तथा स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीहरुका विषयमा सामाजिक सञ्जाल, बिभिन्न समूहहरुमा गई अनर्गल रुपमा चरित्र हत्या गर्ने बिभिन्न आक्षेपहरु लगाउने जस्ता आचारणहिन कार्य गरिरहेको हुदाँ उक्त कार्यबाट नगर प्रमुख लगायत जनप्रतिनिधिज्यूहरुको मानमर्दनमा आँच आएको, कर्मचारीहरु हत्तोत्साहित भई कार्यालयको कार्य वातावरणमा नै नकारात्मक असर पुगेको हुदाँ निज सि.अ.हे.ब. श्री तुलसी प्रसाद पोखरेललाई जनप्रतिनिधिज्यू लगायत कर्मचारीहरुको बारेमा तथ्यहिन अनर्गल प्रचारप्रसार गरेको तथा कार्यालयको गोपनियता भङ्ग गरि अनुशासनहिन कार्य गरेकोले कानुन बमोजिम

कार्बाही गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरेको तथा मिति २०७९।११।१४ गतेको कार्यपालिको बैठकले पुनः कार्यालयले दिएको निर्देशन तथा जिम्मेवारी पूरा नगरेमा निजलाई सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने निर्णय समेत गरेकोमा स्थानीय सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न कोशी प्रदेश सरकारद्धारा जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०८०" को दफा २५ (अन्तर स्थानीय तह सरुवा सम्बन्धी व्यवस्था) को उपदफा ४ मा स्थानीय तहमा कार्यरत कर्मचारीलाई कुनै स्थानीय तहमा राखी राख्न उपर्युक्त नभएमा सम्बन्धित स्थानीय तहको कार्यापलिकाको सिफारिसमा मन्त्रालयले जुनसुकै बखत सरुवा गर्न सक्नेछ भन्ने व्यवस्था अनुसार यस नगरपालिकामा कार्यरत कर्मचारी सि.अ.हे.ब.श्री तुलसी प्रसाद पोखरेललाई यस स्थानीय तहमा राखी राख्न उपर्युक्त नभएकोले निजलाई यस नगरपालिकाबाट अन्यत्र सरुवा गरिदिन श्री मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय कोशी प्रदेशमा सिफारिस गर्ने निर्णय गरियो ।

घ) स्थानीय सेवाका कर्मचारीहरुको तहबृद्धि सम्बन्धी कार्यविधि २०८० सम्बन्धमा

कोशी प्रदेश सरकारबाट मिति २०८०साल बैशाख १४ गते जारी भएको स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश २०८० मा व्यवस्था भएको स्थानीय सेवाका कर्मचारीहरको तहबृद्धि सम्बन्धी प्रकियालाई व्यवस्थित गर्न आवश्यक भएकाले अध्यादेशको दफा १५४ ले दिएको अधिकार प्रयोग गरी तर्जुमा गरिएको स्थानीय सेवाको तहबृद्धि सम्बन्धी कार्यविधि २०८० अध्यादेशको दफा १५६ को उपदफा २ बमोजिम राय,परामर्शका लागि प्रदेश लोक सेवा आयोग विराटनगरमा पठाउने निर्णय गरियो ।

CamScanner